18 March 2025

**यो आकाशवाणी हो**

**समाचार पारसमणि दंगालबाट सुन्नुहोस्**

**सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार**

- **महाकुम्भले उदीयमान भारतको भावनालाई प्रतिबिम्बित गरेको प्रधानमन्त्रीले बताउनुभयो**
- **निष्पक्ष र बलियो अन्तर्राष्ट्रिय प्रणालीको आवश्यकतामा विदेशमन्त्री डा. जयशंकरले दिनुभयो जोड**
- **मणिपुरमा शान्ति र समृद्धि ल्याउन सरकार प्रतिबद्ध रहेको वित्तमन्त्रीले बताउनुभयो**
- **विधानसभा भवन जनताको अपेक्षा र आकांक्षा पूरा गर्ने शक्तिशाली माध्यम भएको श्री बिरलाको भनाई, अनि**
- **नौ महिनाभन्दा धेरै समयदेखि अन्तरिक्ष स्टेशनमा फसेका बुच विल्मोर र सुनिता विलियम्स पृथ्वी फर्किने क्रममा**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्री महाकुम्भ**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले प्रयागराजमा आयोजित महाकुम्भले उदीयमान भारतको भावनालाई प्रतिबिम्बित गरेको र सम्पूर्ण विश्वले देशको शक्ति देखेको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, अनेकतामा एकता भारतको विशेषता हो, जुन हालै सम्पन्न महाकुम्भको समयमा अनुभव गरिएको थियो।

आज लोकसभामा महाकुम्भको बारेमा बोल्दै श्री मोदीले भन्नुभयो, जब सम्पूर्ण विश्व चुनौतीपूर्ण समयबाट गुज्रिरहेको छ, एकताको यो भव्य प्रदर्शन देशको सबैभन्दा ठूलो शक्ति हो। उहाँले अनेकतामा एकताको यो विशेषतालाई समृद्ध बनाउनुपर्ने आवश्यकतामाथि जोड दिनु भयो।

पानी संरक्षणको महत्त्वमाथि प्रकाश पार्दै प्रधानमन्त्रीले भन्नुभयो, भारतमा धेरै नदीहरू छन् र तीमध्ये केही खतरामा छन्। उहाँले महाकुम्भबाट प्रेरणा लिएर नदी महोत्सवलाई विस्तार गर्नुपर्ने विषयमा जोड दिनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, यो ऐतिहासिक घटनाले भारतको क्षमताका बारेमा केही मानिसहरूको शंका हटाएको छ। प्रयागराजमा महाकुम्भको सफलतामा योगदान पुऱ्याउने व्यक्तिहरूको प्रशंसा गर्दै उहाँले भन्नुभयो, यो ऐतिहासिक घटनाले देशवासीहरूलाई धेरै प्रेरणा दिएको छ किनभने यसको नेतृत्व जनता आफैंले गरेका थिए।

**जयशंकर-रायसिना संवाद**

विदेशमन्त्री डा. एस. जयशंकरले निष्पक्ष र बलियो अन्तर्राष्ट्रिय प्रणालीको आवश्यकतामा बल दिनुभएको छ। आज नयाँ दिल्लीमा रायसिना संवादको सत्रलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, बलियो वैश्विक व्यवस्थाको उपस्थितिले शक्तिशाली देशहरूलाई मात्र फाइदा पुऱ्याउँदैन तर साना देशहरूलाई जोखिम लिन र स्थापित मान्यताहरूलाई चुनौती दिन पनि सक्षम बनाउँदछ।

डा. जयशंकरले भारतको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको कुरा गर्दै पाकिस्तानले कश्मीरमा गरेको अवैध कब्जाको कुरा उठाउनु भयो। उहाँले यस मुद्दालाई सम्बोधन गर्न संयुक्त राष्ट्र संघको भूमिकाको आलोचना गर्नुभयो र युके, क्यानडा र अमेरिका जस्ता देशहरूको भूमिकामाथि पनि प्रश्न उठाउनु भयो। विदेशमन्त्रीले भन्नुभयो, सुरुमा पाकिस्तानको आक्रामकता स्वीकार गर्नुको सट्टा यसलाई विवादको रूपमा प्रस्तुत गरिएको थियो।

डा. जयशंकरले म्यानमार र पश्चिमी देशहरूमा भएको सैन्य विद्रोहप्रति अन्तर्राष्ट्रिय प्रतिक्रियाहरू फरक-फरक रहेको उल्लेख गर्दै विश्वव्यापी मान्यताहरूमा निष्पक्षता र एकरूपताको आवश्यकतामाथि जोड दिनुभएको छ। उहाँले विगत आठ दशकको वैश्विक व्यवस्थाको गहन समीक्षा गर्न आह्वान गर्दै विश्वमा परिवर्तनशील शक्ति सन्तुलनलाई मान्यता दिन आग्रह गर्नुभएको छ।

**सीतारमण मणिपुर**

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले सरकार मणिपुरमा शान्ति र समृद्धि ल्याउन प्रतिबद्ध रहेको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, सरकार मणिपुरप्रति बढी संवेदनशील छ। सबैजना मणिपुरलाई अन्य राज्यहरू जस्तै प्रगति भएको हेर्न चाहन्छन्। राज्यसभामा विनियोजन विधेयक २०२५, विनियोजन नम्बर २ विधेयक २०२५, मणिपुर विनियोजन लेखानुदान विधेयक २०२५ र मणिपुर विनियोजन विधेयक २०२५ माथिको छलफलमा भाग लिँदै वित्तमन्त्रीले यस्तो विचार व्यक्त गर्नुभएको हो।

उहाँले भन्नुभयो, धेरैजसो राज्यहरूमा आकस्मिक कोष हुन्छ जुन उनीहरूले आपतकालीन अवस्थामा प्रयोग गर्छन्। तर मणिपुरमा कहिल्यै त्यस्तो कोष थिएन। त्यसैले सरकारले ५०० करोड रुपियाँको व्यवस्था गरेको छ।

उहाँले मणिपुरमा भएको हिंसाका कारण यसको आर्थिक गतिविधिहरू नराम्ररी प्रभावित भएको बताउँदै मणिपुर चाँडै नै यसबाट मुक्त हुने विश्वास पनि व्यक्त गर्नुभयो।

**दिल्ली- बिरला विधानसभा**

लोकसभा अध्यक्ष श्री ओम बिरलाले आज दिल्ली विधानसभाका नवनिर्वाचित विधायकहरूका लागि आयोजित अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्नुभयो। यस कार्यक्रमको मुख्य उद्देश्य नयाँ विधायकहरूलाई कानून र नीति निर्माणका लागि आवश्यक पर्ने प्रक्रिया, नियम र जानकारीको बारेमा सचेत गराउनु रहेको छ। विधायकहरूलाई सम्बोधन गर्दै श्री बिरलाले भन्नुभयो, यो विधानसभा भवन जनताको अपेक्षा र आकांक्षा पूरा गर्ने एक शक्तिशाली माध्यम हो। त्यसकारण, प्रत्येक विधायकको जिम्मेवारी विधायिकी काममा आफ्नो सय प्रतिशत दिनु, लामो समयसम्म सदनमा बस्नु र सदनको कार्यवाहीमा भाग लिनु हुनुपर्नेछ।

**महाराष्ट्र - मुख्यमन्त्री**

महाराष्ट्रका मुख्यमन्त्री श्री देवेन्द्र फडणवीसले राज्यका नागरिकहरूलाई कानून व्यवस्था कायम राख्न र सबै धर्म र समुदायप्रति सम्मान कायम राख्न अपील गर्नुभएको छ।

नागपुर घटनाका विषयमा विधानसभामा बयान दिँदै उहाँले नागपुरमा भएको हिंसा पूर्वनियोजित देखिन्छ भन्नुभयो। उहाँले पुलिसमाथि आक्रमण गर्नेहरूमाथि कडा कारबाही गरिने आश्वासन पनि दिनुभयो। श्री फडणवीसले हिंसामा तीन जना उपायुक्त स्तरका अधिकारीहरू सहित ३३ जना पुलिस घाइते भएको बताउनु भयो। पाँच जना सर्वसाधारण पनि घाइते भएका छन्। मुख्यमन्त्रीले घटनाको सम्बन्धमा पाँचवटा मुद्दा दर्ता गरिएको र ११ वटा पुलिस चौकी क्षेत्रमा कर्फ्यू लगाइएको बताउनु भयो। उहाँले प्रभावित क्षेत्रमा राज्य रिजर्भ पुलिस बलका पाँच बटालियनहरू तैनाथ गरिएको जानकारी पनि दिनुभयो।

**आरबीआई-एमओयू**

सीमापार कारोबारको लागि स्थानीय मुद्राको प्रयोगलाई प्रोत्साहित गर्न भारतीय रिजर्भ बैंक र बैंक अफ मौरिसस बीच एक समझदारी पत्रमा हस्ताक्षर

भएको छ। आरबीआईका अनुसार यस सम्झौताको उद्देश्य द्विपक्षीय व्यापारमा भारतीय रुपियाँ र मौरिसस रुपियाँको प्रयोगलाई सहज बनाउनु हो। यसले सबै नागरिकहरूलाई आ-आफ्नो देशको मुद्रामा भुक्तानी गर्न सहज बनाउनेछ।

**नासा - आईएसएस फिर्ता**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नासाकी अन्तरिक्षयात्री सुनिता विलियम्सको सुरक्षित पुनरागमनको कामना गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले सुश्री विलियम्सलाई अन्तरिक्षबाट फर्किएपछि भारत भ्रमणको निमन्त्रणा पनि दिनुभएको छ।

यसैबीच, अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले भनेको छ, नौ महिनाभन्दा धेरै समयदेखि अन्तरिक्ष स्टेशनमा फसेका **बुच विल्मोर** र **सुनिता विलियम्स** आज राति पृथ्वीमा फर्किनेछन्। ड्रयागन अन्तरिक्ष यानले भोलि बिहान ३ बजेर २७ मिनेटमा दुवै अन्तरिक्ष यात्रीलाई पृथ्वीमा लिएर फर्किनेछ।

नासाले जारी गरेको आधिकारिक विज्ञप्तिमा भनिएको छ, ड्रयागन अन्तरिक्ष यान पृथ्वीमा फर्कने तयारीमा छ।

अन्तरिक्षयानको लागि परिस्थिति पनि अनुकूल रहेको छ। यो अन्तरिक्षयान दुवै अन्तरिक्ष यात्रीहरूलाई बोकेर फ्लोरिडा तट नजिकैको समुद्रमा अवतरण गर्ने सम्भावना छ। यसबाहेक, ड्रयागन अन्तरिक्ष यानले नासाका दुई अन्तरिक्ष यात्री **निक हेग** र रुसी अन्तरिक्ष यात्री **अलेक्ज्याण्डर गोर्बुनोभ**लाई पनि फिर्ता ल्याउनेछ।

**प्रधानमन्त्री - विशेष ओलम्पिक**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले इटालीको टुरिनमा भएको विशेष ओलम्पिक विश्व शीतकालीन खेलकुदमा भाग लिने भारतीय टोलीलाई भेटेर उनीहरूको प्रदर्शनको प्रशंसा गर्नुभएको छ। प्रधानमन्त्रीले विशेष ओलम्पिकमा ३३ पदक जितेर देशको कीर्ति बढाउने भारतीय टोलीप्रति गर्व व्यक्त गर्नुभएको छ। श्री मोदीले टोलीलाई उनीहरूको उपलब्धिहरूको लागि बधाई पनि दिनु भएको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **महाकुम्भले उदीयमान भारतको भावनालाई प्रतिबिम्बित गरेको प्रधानमन्त्रीले बताउनुभयो**
- **निष्पक्ष र बलियो अन्तर्राष्ट्रिय प्रणालीको आवश्यकतामा विदेशमन्त्री डा. जयशंकरले दिनुभयो जोड**
- **मणिपुरमा शान्ति र समृद्धि ल्याउन सरकार प्रतिबद्ध रहेको वित्तमन्त्रीले बताउनुभयो**
- **विधानसभा भवन जनताको अपेक्षा र आकांक्षा पूरा गर्ने शक्तिशाली माध्यम भएको श्री बिरलाको भनाई, अनि**
- **नौ महिनाभन्दा धेरै समयदेखि अन्तरिक्ष स्टेशनमा फसेका बुच विल्मोर र सुनिता विलियम्स पृथ्वी फर्किने क्रममा**